# नेपालमा शैव धर्म

**सुशीलकुमार अधिकारी (विद्यावारिधी)**
**उपप्राध्यापक, इतिहास, संस्कृति तथा पुरातत्त्व विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर**
sushiladhikari2024@gmail.com

**अध्ययनसार**

प्रस्तुत अध्ययन नेपालमा शैव धर्म र त्यसको प्रभावसँग सम्बन्धित रहेको छ। गुणात्मक अध्ययनविधि अवलँबन गरी पूर्णता प्रदान गरिएको छ। यस अध्ययनमा भगवान शिव र शिवगणको आरधना गर्ने शैवमार्गीका रूपमा परिचित विश्वभर छरिएर रहेका समस्तहिन्दू समुदायले शिवलाई प्रमुख कार्यकारी वा शक्तिमान देवताका रूपमा पूजा गर्ने प्रचलन रहेको छ। हिन्दूहरूले शिवलाई निराकार र स्थुल दुवै स्वरूपमा आराधना गर्ने शैवधर्मका प्रमुख चार सम्प्रदाय जसमध्ये शिवलाई प्रमुख देवता मानी खडा भएको धार्मिक समूहलाई शैव सम्प्रदाय र पाशुपत सम्प्रदाय महत्त्वपूर्ण समुदायको रूपमा रहेका छन् भने इष्ट देवता भैरवलाई मान्ने कापालिक सम्प्रदाय तथा निधार र मुखतिर कालो ध्वाँसों वा रङ्ग पोतेर भयानक देखिने कालामुख सम्प्रदाय रहेका छन्। आर्य हिन्दू सभ्यतामा अत्यन्तै पूजनीय र आदरणीय देवको स्थानमा पनि सर्वोच्च स्थान हासिल गरेका भगवान शिवको वा शैवधर्मको उद्गमस्थल नेपाल भूमि नभए पनि सम्पूर्ण हिन्दू धर्मावलम्बीहरूका लागि शैवधर्मको मुख्यथलो नेपाल नै रहेको छ। विभिन्न पौराणिक कथनअनुसार शिव वा पशुपतिको शिर नेपाल हो भने शरीरचाहिँ भारतमा रहेको विश्वास गरिएको छ। पुराणमा उल्लिखित सन्दर्भहरूका कारणले समस्त नेपालीहरूका आराध्यदेव पशुपतिनाथको दर्शन गर्न लाखौं तीर्थयात्रीहरू नेपाल आइपुग्ने निष्कर्ष निकालिएको छ।

*प्रमुख शब्दावली* : शैवधर्म, शिव, शिवगण, वैदिक कार्य, शैवमार्गी

लेखसम्बन्धी विवरण : लेख प्राप्त मिति : २०८०/०६/१२, लेख पुनरावलोकन मिति : २०८०/१२।०३, लेख स्वीकृत मिति : २०८१/०५/१४ ।
प्रकाशक : त्रि वि प्राध्यापक संघ, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर, एकाइ समिति।

## विषयपरिचय

भगवान शिव र शिवगणलाई पुज्ने वा आरधना गर्ने समुदायलाई शिवमार्गी वा शैवमार्गी भनिन्छ। विश्वभर छरिएर रहेका समस्तहिन्दू मानव समुदायले शिवलाई प्रमुख कार्यकारी वा शक्तिमान देवताका रूपमा मान्दछन्। यस अर्थमा करोडौं शक्तिको साझा देवताको रूपमा शिवको प्रतिष्ठा स्थापित हुन्छ। नेपाल लगायत भारत र अन्य स्थानमा बस्ने समस्त हिन्दूहरूले शिवलाई आराध्य देवताकै रूपमा मान्ने गर्दछन्। यिनलाई निराकार र स्थुल दुवै स्वरूपमा आराधना गर्ने गरिएको छ। अर्थात यिनलाई उनको अनेकनै स्वरूप र भूमिकाको रूपमा आरधना गर्ने गरिएको छ।

मानवजातिले अस्तित्व रक्षाको निरन्तर यात्रामा अघि बढदै जाँदा आफ्नो अस्तित्वबोध गराउने यस्ता अनेकौ प्रकारका भौतिक र अभौतिक त्यस्ता व्यवहारजन्य क्रियाकलाप, आचरण दैनिक रोजमर्राका तौरतरिका, चिन्तन, सोच, परस्परका व्यवहार सम्बन्धका विधिविधान, सामूहिक व्यवहार र चिन्तन, आस्था, विश्वास, मूल्य र मान्यता, उत्तरदायित्ववहन गर्ने क्षमता विकास परिवारको कल्पना र परिभाषा, जीवनरक्षाको उपाय, समाज निर्माणको परिकल्पना, सुरक्षित वासस्थानको परिकल्पना, भोजनको नियमित र वैकल्पिक व्यवस्था, भोजनको भण्डारण, प्रकृतिबाट सुरक्षा र प्रकृतिबाट प्राप्त राम्रा र नराम्रा कुराहरू छनौट गर्ने ज्ञान, वनस्पति र जडिबुटीहरूको पहिचान, जीवनमा आवश्यक वनस्पति र अत्यावश्यक वनस्पतिको पहिचान गर्ने दक्षता आफ्नो चेतनाका माध्यमले विकास गर्दै आयो। जन्मजात प्राप्त मस्तिष्क क्षमताको समुचित विकास गरी मानवले आफूलाई संगठित

व्यवस्थित र चेतनशील व्यवहारिक प्राणी बनाउन गरेको प्रयत्न र सङ्घर्षको फलस्वरूप परिवार र समाजले पालना गर्नुपर्ने त्यस्ता विश्वास र आस्थाले परिकल्पना भयो जसको कारणले कालान्तरमा "धर्म" नामको सामाजिक व्यवहारको उदय हुनपुग्यो।

धर्मलाई "धारण" गर्ने अर्थमा बुझ्दा मानवले त्यस्तो उलत र असल सामाजिक व्यवहारको प्रादुर्भाव गरेको बुझन सकिन्छ जसमा यी कुराहरू सन्निहित भएका छन् – असल सोच, चिन्तन, चेतना, आचरण, विचार, भोजन, असल, पहिरन, व्यवहार, कर्मलगायत सम्पूर्ण प्राणीप्रति दया र करुणा राख्ने भाव नै धारण गर्नुपर्ने सोचले धर्मको उदय हुनपुगेको विश्वास गरिएको छ। यसर्थ "धर्म" मानव संस्कृतिको त्यस्तो शाश्वत र अविभाज्य/अखण्डित अंश हो, जसले कहिलेकाहीँ मानव समुदायको सिंगों संस्कृतिमाथि प्रभाव पार्ने गर्दछ। मानव समुदायको संस्कृतिको विराट स्वरूपलाई धर्मले अफैंमा समाहित गरेको पाइन्छ। समग्रमा संस्कृतिको विराट आँगनमा धर्म सधै चलायमान र चञ्चल रूपमा विचरण गर्ने गर्दछ। तर संस्कृतिको अंश भए पनि धर्मले मानव जीवनमा अत्यन्त व्यापकता बोकेको छ। मानव जीवनमा धर्मले व्यापक र गहिरो असर गरेको छ कि कहिलेकाहीँ धर्मले संस्कृतिको आँगन बाहिरसम्म पनि आफ्नो प्रभाव विस्तार गर्न खोजेको पाइन्छ। धर्मको आलोकमा संस्कृति पुलकित हुने गर्दछ, तर धर्मले संस्कृतिको लक्ष्मणरेखा नाघ्न पुग्दा धर्ममा विकृति, विसङ्गति र कठोरता थापिएको पाइएको छ, जसले मानव जीवनलाई अव्यहारिक र सङ्कुचित बनाउने गरेको छ।

प्रकृतिप्रदत्त विभिन्न चामात्करिक परिदृश्य, प्राकृतिक विपत्तिका घटनाहरू, ऋतुपरिवर्तन, भुकम्प, हावाहुरी, चट्याङ, मेघगर्जन आदि जस्ता आफ्नो काबुभन्दा बाहिरीको परिस्थितिजन्य अस्वभाविक प्राकृतिक गतिविधिबाट आत्तिएर, अत्तालिएर वा डराएर मानवले एउटा अदृष्य शक्तिको कल्पना गऱ्यो। यस्तै अदृश्य निराकार शक्तिलाई पछि उसले भगवानको नाम दियो र विभिन्न परिस्थितिअनुसार, व्यवहार र प्रभावअनुसार वर्गीकरण पनि गऱ्यो, जस्तै पालनहारी, संहारकारी, विनाशकारी, जन्मदाता आदि रूपमा अनेकौ भगवानहरूको कल्पना गऱ्यो, त्यसैगरी आकासका, पृथ्वीका र अन्तरिक्षका देवता भनी वर्गीकरण गरेर बहुदेववादको कल्पना गर्न पुग्यो। यसप्रकार मानव समुदायमा देवता वा भगवानको प्रादुर्भाव हुनपुगेको तथा नेपालमा शैवधर्मको प्रभाव प्राचीन कालदेखि वर्तमानसम्म निरन्तर प्रवाहित रहेको छ।

**समस्या र उद्देश्य**

प्रस्तुत अध्ययन नेपाली समाजमा आर्य समुदाय शैवमार्गी सम्प्रदायको उपस्थितिसँग सम्बन्धित रहेको छ। यस आलेखमा उपर्युक्त विषयसँग सम्बन्धित भएर आएको शैवधर्मको सान्दर्भिकता र औचित्यसँग सम्बन्धित समस्यामा आधारित रहेको छ। शैवधर्म नेपाली समाजमा हिन्दू आर्य र अनार्य समुदायमा प्रचलनमा जीवित रहेको छ। यस आलेखमा शैवधर्मको सान्दर्भिकता र औचित्यसँग सम्बन्धित समस्यामा आधारित सम्बन्धित भएर आएकालेसोही सम्स्यालाई केन्द्रविन्दुमा राखी छलफलबाट उपयुक्त निष्कर्ष निकाल्नु यस अध्ययनको उद्देश्य रहेको छ।

**अध्ययनविधि र अवधारणात्मक पर्याधार**

वैदिक देवताहरूको विकास प्रकृतिको प्रभावअन्तर्गत बाहिरी स्वरूपमा र अन्तस्करणको स्वरूपमा हुनपुगेको छ। प्रारम्भमा मानव समाजको सम्पर्क प्रकृतिको बाहिरी आवरणमा हुनपुग्यो र बाहिरी शक्तिले नै उनीहरूलाई प्रभावित र अचम्भित तुल्याउन लाग्यो। आकाश, पृथ्वी, प्रकाश, अन्धकार, वृष्टि, अनाकृष्टि, भूकम्प, चट्याङ, आदिको प्रभावले आश्चर्यचकित हुँदै अलौकिक शक्तिको कल्पना गर्न थाल्यो। अतः उनीहरूले यस्तो प्राकृतिक अलौकिक शक्तिलाई देवताको रूपमा स्वीकार गऱ्यो किनकी यस्तो अद्भूत शक्तिका बारेमा उनीहरूले कुनै पनि ज्ञान र सोच विकसित भएको थिएन। परिणामस्वरूप यस्ता प्राकृतिक शक्ति जस्तै पृथ्वी, उषा, सूर्य, वरुण आदि शाक्तिलाई सर्वशक्तिमान मानिन थालियो। यो शक्तिहरूलाई मानवीय आधारमा मानवोचित गुण विद्यमान रहेको स्वरूपमा स्वीकार्दै उनीहरूको प्रसन्नता र प्रसन्नताले हाम्रो जीवनमा प्रभाव परेको हो भने व्याख्या गरी उनीहरूलाई प्रशन्न तुल्याउने प्रयत्न स्वरूप स्तुति, बन्दना र प्रार्थना गर्नुपर्ने सोच विकसित हुनपुग्यो। यसरी कल्पित

देवताहरूको प्रकोपबाट बच्नका लागि निरन्तर स्तुति र उनीहरूलाई सम्झना गरिरहनु पर्ने आवश्यकताको विकास गरियो । बुद्धिमान प्राणी भएकाले यस्तो शक्तिहरू अन्तस्तरणमा पनि अर्थात आत्मामा पनि निवास हुन्छ भन्ने परिकल्पना गरिएबाट मानवसमुदाय देवीदेवताको उदय हुनपुगेको छ ।

भगवान शिव र शिवगणसँग सम्बन्धित धर्मलाई "शैवधर्म" भनिन्छ । यस धर्मलाई मान्ने समुदायलाई शैव धर्मावलम्बी भनिन्छ । यो सम्प्रदायको इष्टदेवता भगवान शिव हुन्, यो शिव नाम उत्तरवैदिककालीन (इ.पू. १००० देखि ५०० इ.पू.) नाम हो (मिश्र, २००१, ७१९) हो । प्रारम्भमा अर्थात उत्तरवैदिक कालभन्दा अगाडि शिवलाई "रुद्र"नामले पुकारिएको पाइन्छ । यसmकुराको सङ्केतले शिवको अस्तित्व निकै अगाडि नवपाषाण कालको अन्त्य (इ.पू. ५०००) सम्म पुऱ्याउन सकिएको छ । त्यस बेला नै अनेक जातिहरूले भूमिको उर्वरताका लागि लिङ्गपूजा गर्ने प्रथा रहेको पाइएको छ । हिन्दू समाज र सभ्यताको विकास भएको भारतवर्षमा विकसित सभ्यताहरू मध्ये सिन्धुघाँटीको सभ्यता (इ.पू. ३०००वर्षभन्दा अगाडि)लाई वैदिक सभ्यताभन्दा अगाडिको सभ्यता मानिएको छ । यस सभ्यताबाट प्राप्त केही अवशेषहरूले पनि शिवको सङ्केत गरेका छन् । समस्त भारतवर्ष (हालको भारत र पाकिस्तान समेतमा फैलिएको यस सभ्यताबाट प्राप्त भाटाका सिक्कामा (चक्कामा) मानवाकारमा शिवको आकृति देख्न सकिन्छ । अर्को सामाग्री मामलामा सर्वधारण गरेको स्वरूपमा शिवलाई देख्न सकिएको छ । यसैगरी सिन्धुघाँटी सभ्यताबाट नै ससाना लिङ्ग आकृति प्राप्त भएका छन्, जसका आधारमा तत्कालीन समयमै शैवधर्मको आस्तित्व स्वीकार गर्ने हो भने सम्भवतः यो सम्प्रदाय वा धर्म नै विश्वको प्राचीन धर्म कहलाइन्छ (मिश्रः ऐजन,७२०) सिन्धु सभ्यताको मोहनजोडदोको उत्खन्नबाट पाइएको मुद्राचित्र मात्रीशीर्ष (तीनवटा शीर भएको) टाउकोमा मुकुटसहित योगासनमा बसेका पशुपति रूप शिवको मूर्ति उत्कीर्ण छ । यस मूर्ति घाँटीमा माला छ, यसको आपूधरनन्दी (वाहन) नभएलतापनि अघिको विद्वानहरूले यसलाई शिवको पशुपति रूप नै मानेका छन् । आज पनि एकमुख, तीनमुख, चार्तुमुख र पाँचमुखे शिवको शिवको मान्यता यथावत भएबाट शिवको प्राचीनता सिन्धुघाँटी सभ्यतासम्म भएको अनुमान गरिएको छ । मोहनजोडदोको उत्खन्नबाट प्राप्त मुद्रा चित्रबाहेक पनि शिवलाई वा पशुपतिलाई सङ्केत गर्ने अन्य समाग्री जस्तै मूर्ति, लिङ्ग र अन्य चित्रात्मक अभिव्यक्तिबाट शिवसम्बन्धी गाथालाई इङ्गित गरेको अनुमानका आधारमा पनि सिन्धुसभ्यता कालमा शिवको उपस्थिति देखिन आएको छ ।

प्राचीन इतिहासका विद्वानहरूले आर्यहरूले वैदिक सभ्यताभन्दा अगाडि सभ्यता भनेर एक स्वरमा सिन्धुघाँटी सभ्यतालाई मानेका छन् । आर्यहरूकै मुख्य स्थान मानिएको मोहनजोडदो र हडप्पामा विकसित सिन्धुसभ्यता आर्य वा अनार्थ कुन समुदायको हो भन्ने कुरा आजसम्म पनि दिरान गर्न सकिएको छैन । साथै वैदिककालको निश्चित समय कति हो भन्ने कुरामा विद्वानहरू बीचमा एकमत पाइँदैन, तर अधिकांश बिहानले वैदिक सभ्यतालाई सिन्धु सभ्यताभन्दा पछिकै माने तापनि वैदिककालकै समयका बारेमा भने फरक विचार व्यक्त गरेको पाइन्छ । अनुमानका आधारमा वैदिककालको समय इसापूर्व ३००० देखि १२०० इशापूर्वसम्म बताइएको छ, यसैले त इशापूर्व ६००० देखि ४००० इशापूर्व पनि भनेको पाइएको छ (कोइरालाः २०५१, १५) तर यस्तो कथनलाई पुष्टि गर्ने आधार प्राप्त भएको छैन । सिन्धुसभ्यतापछिको ऋग्वेदकाल (सम्भवत इशापूर्व २००० देखि १००० इशापूर्व) मा शिवलाई विनाशकारी देवताको रूपमा "रुद्र" नामले सम्बोधित गरिएको पाइन्छ । यस दृष्टिकोणबाट विश्लेषण गर्दा शिवको व्यापकता सिन्धुसभ्यतासम्म पुग्ने देखिदैन । ऋग्वेदकालको सभ्यता रुद्रको विकास र विस्तार व्यापक रूपमा भएको थियो । यति वेला यिनलाई "शतरूद्रीय रशिवातान" (मंगलमय) नामले पुकारियो, साथै उनलाई "गिरिश" "गिरित्र" पशुपति हुँदै उनको उग्रता शक्तिमा रूपान्तरित भएको अवस्थाको कल्पना गरी "शम्भु", "शंकर" र "शिव" नामले सम्बोधित गरिएको थियो (मिश्रः २००१,७२०) । तत्कालीन समय र समाजमा उनको महात्म्य अत्यधिक मात्रामा वृद्धि भएको थियो । उनलाई सर्वशक्तिमान सर्वोच्च शासकको रूपमा मान्यता प्राप्त भएको थियो । अथर्ववेद (ऋग्वेदपछि) मा उनलाई भव, स्वर्ग र पृथ्वीको यशा (देवता) भनिएको छ (मिश्र, ऐजन, ७२१) केही अन्य विद्वानहरूको विचारमा पनि ऋग्वेद संहितामा शिवलाई "रुद्र"नामले सम्बोधित गर्दै धर्नुधरी, अजेय, तीक्ष्ण, आयुध (हतियार) धारण गर्ने रुद्रले हाम्रो प्रार्थना सुनुन, आफ्नो तेजोमय वाण अन्तरीक्षस्थविधुत जो पृथ्वीमा घुम्दछ – हामीलाई नष्ट नगरोस्, हामीलाई रोगव्याधीले ग्रस्त नपार, हजारौं

औषधिका ज्ञाता हे रुद्र ! हाम्रा सन्तानहरूलाई नष्ट नगर, हाम्रो हिंसा नगर, तिम्रा क्रोधको हामी भागी नबनौ, हाम्रो रक्षा गर भन्दै रुद्रको आराधना वा स्तुति गरिएको पाइन्छ भनेर लेखेका छन् (कोइराला, २०५१, १६) । यसबाट रुद्रलाई सिन्धुसभ्यता पछिको ऋग्वेद कालसम्म पुऱ्याउन सकिएको छ भने आर्य सभ्यताको आदिकालमा नै पशुप्राणीका रक्षकको रूपमा स्तुति गरिने, यज्ञमा आव्हान गरी हवि प्रदान गरिने शक्तियुक्त रुद्रको महन्ता वैदिक समाजमा थियो भने सिन्धुसभ्यतामा पाइएको पशुपति रूप मुद्राले वैदिक आर्यको रुद्र विषयक कल्पनालाई प्राग्ऐतिहासिक कालमा नै भारतवर्षभित्र प्रमुख देवताको रूपमा मान्यता प्राप्त गरिसकेको हो कि भन्ने अनुमान गर्न सकिएको छ । समस्त वैदिक कालको पूर्ववत समय शिवलाई रुद्र कै सम्बोधन पाइएको छ भने वैदिककाल लगत्तैको समय (इ.पू. ८००–४०० इशापूर्व) मा रुद्रलाई बृषभको बलिदिने विधिको उल्लेख छ (कोइराला, ऐजन, ३९) यजुर्वेद कालसम्म आइपुग्दा शिवको पशुपति नाम निकै लोकप्रिय भैसकेको देखिएको छ । शतरुद्रीयमा "अम्विका" नामक एक देवीको नाम सर्वप्रथमपशुपतिको साथ साथैउल्लेखभएको छ, जसलाई अर्थात ती देवीलाई पशुपतिकी बहिनी हुनसक्ने अनुमान गरियो तर पछि गएर उनलाई शिवकी शक्तिको रूपमा मानियो । ब्राम्हण साहित्यहरूले रुद्रको महत्व अत्यधिक बताइदिए, हुँदाहुँदा कर्मकाण्डले रुद्रलाई महादेव अर्थात् ठूला देवताको रूपमा प्रतिष्ठापित गराइदिए (बराल, २०५०, ४०८) ।

शैवधर्मको प्राचीनता प्रष्ट्याउने क्रममा उपनिषदहरूको पनि महत्वपूर्ण भूमिका रहेको पाइन्छ । "श्वेताश्र्वर"उपनिष्द (इशापूर्वको) ले शिवलाई पुरुषको स्थानमा प्रतिष्ठापित गरेर उनको साथमा शक्ति स्वरूपको पनि परिकल्पना गरेको पाइन्छ । त्यसमा शिवलाई महेश्वर, इशान आदि नामले सम्बोधित गरिएको पाइन्छ । केनउपनिषदमा "उमाहेमवती"को उल्लेख पाइएको छ । यिनै उमा हेमवतीलाई कालान्तरमा गएर पार्वती रूपमा स्थापित गरिएको अनुमान गरिएको छ । हिन्दू समाजमा प्रख्यात प्रसिद्ध वैयाकरण पाणिनी (इ.पू. ६००–३००इ.पू.) ले आफ्नो "अष्टाध्यायी" नामक ग्रन्थमा रुद्रको नाम "भव" र "शर्व" लेखिएका छन् (बराल, एजन, ४०९) यसप्रकार शिवको प्रतिष्ठा दिनानुदिन निरन्तर बढ्दै गइरहेको बुझ्न सकिन्छ । उपनिषद कालदेखि ग्रहसूत्र कालसम्म शैवसम्प्रदायले झण्डै वैदिक जस्तो कर्मकाण्डमा आधारित सम्प्रदायको रूप लिइसकेको थियो । ग्रहसूत्रहरूमा विभिन्न विशेषणले गणेश, स्कन्द तथा शिवका अन्य परिचरहरूको वर्णन गरिएको छ । तर शिवका साथमा शिवगणहरूको घनिष्ठ सम्बन्ध भने पछि आएर मात्र कायम भएको पाइएको छ ।

रामायण र महाभारत (इशापूर्व ५००) जस्ता महाकाव्यहरूमा पनि शिवको स्थानलाई सर्वोच्च मानी उल्लेख गरिएको पाइएको छ । प्रसिद्ध ग्रन्थ रामायणमा शिवलाई सबै प्राणीहरूको संरक्षक आराध्यदेव मान्नुका अतिरिक्त विषपान गरेको, गङ्गाअवतरण, उमामहेश्वर विवाह, कुमारको जन्मआदि घटनाहरूलाई वर्णन गरिएको पाइएको छ । रामरावण युद्धमा विजय हेतु रामले बालुवाको शिवलिङ्ग बनाई नित्यपूजा–उपासना गरेको चर्चा त्यतिबेला शिवको स्थान प्रतिष्ठित र पूजनीय रहेको बुझ्न सकिएको छ । यसका साथै महाभारतमा पनि शिवलाई अरु देवतामध्ये सर्वश्रेष्ठ मानिएको छ । यस महाकाव्यमा तपस्या र योगको बलले शिवत्व पाउन सकिने भएकाले उनलाई "महायोगी" पनि भनिएको छ (बराल, ऐजन, ऐजन) माहाभारतमा सर्वप्रथम शिव र पार्वतीलाई सँगै राखेर उपासना गरिएको र अन्य देवताहरूले पनि शिवपार्वतीलाई खुशी पारेको वर्णन गरिएको छ ।

पुराण युगमा आइपुग्दा पनि शिवको महिमा र प्रतिष्ठा भन्–झन् बढ्दै गएको देखिएको छ । यस कालका ग्रन्थहरूमा रुद्र, शिव र शैव सम्प्रदायहरूको विस्तारित वर्णन गरिएको छ । भागवत पुराण, वामन पुराण, लिङ्ग पुराण, शिव पुराण र वायुपुराण आदिमा शिव र शैव सम्प्रदायको व्यापक उल्लेख पाइन्छ (कोइराला, २०५१, ९६) भागवत पुराणमा शिवको परमशक्तिको वर्णन पाइएको छ । लिङ्ग र वायु पुराणमा शिव स्वयमले ब्रम्हालाई विष्णुले बासुदेव रूप लिएर जन्मेको समयमा आफू नकुलिन भएर हिभूमिमा जन्मने र आफ्नो चार शिष्य हुने अनि महेश्वर योगको प्रचार हुने भनेर बोलेको उल्लेख गरेका छन् । यसबाट त्यस समयमा शैव धर्मले एउटा प्रसिद्ध र लोकप्रिय धर्मको रूपमा स्थापित भैसकेको कुरा बुझ्न सकिन्छ ।

**प्राप्ति र छलफल**

मानवजातिले पृथ्वीमा आफ्नो अस्तित्वबोध गरेदेखि नै उसले उन्नत र चेतनशील प्राणी बनाउन आफ्नो बुद्धि र क्षमताको प्रयोग गर्दै आफूलाई व्यवस्थित गर्दै लग्यो । नवपाषाण काल (इशापूर्व ८०००–५००० वर्ष) मै खेतीपाती, पशुपालन र आफूलाई प्रयोगमा आउने माटाका भाडाकुँडा बनाउन जानी एकै मानवले त्यसपछि आफूलाई व्यवस्थित बनाउने प्रयत्नमा

लागेको देखिएको छ । यसै क्रममा उसले आफ्नो सुरक्षा हेतु देवीदेवताको कल्पना गर्न थाल्यो । यसरी गरिएको कल्पनामा सर्वप्रथम "रुद्र" भगवानको कल्पना गरेको विभिन्न स्रोतहरूले उल्लेख गरेका छन् । नवपाषाण कालपछि धातुयुगको महत्त्वपूर्ण सभ्यता सिन्धुघाँटी सभ्यताकाल (इशापूर्व ३००० वर्ष) मा शिवलाई सङ्केत गर्ने केही सामाग्रीहरू पाइएबाट यस समयमा मानवले ठोस रूपमा नै भगवानको परिकल्पना गरी आकारको वा स्वरूपको विकस गरेको बुझ्न सकिएको छ । यसपछि वैदिक सभ्यताकालमा (इसापूर्व २०००–१००० वर्ष) त हिन्दू धर्म संस्कृतिको उत्पत्ति र विकासका दृष्टिले स्वर्णीय कालकै रूपमा लिन सकिन्छ । यस कालको प्रारम्भिक ग्रन्थ ऋग्वेदमा शिवलाई "रुद्र" स्वरूपमा सङ्केत गरिएको छ । त्यसपछिको समय अर्थात् उत्तरवैदिककाल (इसापूर्व १०००– ५०० वर्ष)का विभिन्न स्रोतहरूले भगवान शिवलाई पशुपतिलगायत अन्य विभिन्न नाम जस्तै शतदृद्रीप, शिवातनु, कपर्दिन, शम्भु, शङकर नामले सङ्केत गरी उनको प्रतिष्ठा र महत्वलाई स्थापित गरिदिएका छन् (मिश्र, २००१, ७२०) ।

ऐतिहासिकाल अर्थात रामायण, महाभारतको रचनाकालपछि शिवसम्बन्धी ऐतिहासिक प्रमाणहरू प्रचूर मात्रामा पाइएका छन् । इ.पू.३०० तिर मौर्यवंशी सम्राट चन्द्रगुप्तको दरबारमा युनानी राजदूतको रूपमा बस्ने मेगस्थनी जले त्यस राज्यको पहाडी क्षेत्रमा बस्ने अधिकांश व्यक्तिहरू शिव उपासक रहेको कुरको उल्लेख गरेका छन् । यो नै शिवसम्बन्धी प्रथम ऐतिहासिक प्रमाण हो । (क्षेत्री–खतिवडाः २०५४,६४) यसैगरी पतञ्जली (इशापूर्व १५०–१०० इशा)ले आफ्नो महाभाष्य शिव र शिवपुत्र स्कन्दको मूर्ति बिक्री गरेको कुरा उल्लेख गर्नुका साथै भागवतहरूका विवरण दिएका छन् । इशाको प्रथम शताब्दीमा भारतवर्षमा शासन गर्ने कुषाण राजा हेक शिवभक्त देखिएका छन् जसले आफ्ना शिवालयहरूमा साँढे र त्रिशुलका चित्रहरू अङ्कित गराएर आफूलाई शिवभक्त देखाएका छन् (क्षेत्री–खतिवडा, ऐजन, ६४) ।

भारतवर्षमा गुप्तकाल (इसाको तेश्रो शताब्दीदेखि छैटौ शताब्दी)मा शिवधर्मको विकास तीब्रगतिले हुनपुग्यो । गुप्त सम्राटहरू आफू वैष्णव धर्मवलम्वी भए पनि यिनीहरूले शैवधर्मलाई विशेष स्थान दिएका थिए । गुप्त सम्राट चन्द्रगुप्त द्वितीयका मन्त्री वीसेन शैवधर्म मान्दथे, कुमार गुप्ते प्रथममन्त्री पृथ्वीसेनले शिवमन्दिरमा दान चढाएका थिए । जसको उल्लेख कदमदण्डा अभिलेखमा गरिएको छ (मिश्र, २००१, ७२३) । संस्कृतका महाकवि कालीदासद्वारा लिखित कुमारसम्भव नामक कृति शैव धर्मको ख्याती प्रष्ट पार्ने महत्वपूर्ण कृतिको रूपमा रहेको छ । जसमा शिवको चरित्र, महिमा र गुणहरूको वर्णन उत्कृष्ट रूपबाट गरिएको छ । गुप्तकालमा नै अर्धनारीश्वर शिवको कल्पना गरियो र यस कालमा शिव–पार्वतीका अनेकौ मूर्तिहरू निर्माण गरिए । ब्रम्हा, बिष्णु र शिवलाई त्रिमूर्तिको रूपमा पूजा गर्ने परम्पराको थालनी पनि गुप्तकालमै हुनपुग्यो । शिव र विष्णुको संयुक्तमूर्ति "हरिर"को विकास पनि यसै कालमा भएको मानिन्छ । यसप्रकार इसाको तेस्रो शताब्दीदेखि छैटौ शताब्दीसम्मको समयलाई शैवधर्मको उत्कर्षकालको रूपमा लिन सकिएको छ । यसैताका शैवधर्ममा अनेकौं सम्प्रदायको उत्पत्ति र विकास भएको पाइन्छ ।

**शैव सम्प्रदायहरू**

वामन पुराणका अनुसार शैव धर्मका प्रमुख शैव, पाशुपत, कापालिक र कालामुख गरी चारवटा सम्प्रदाय रहेको बताइएको छ (मिश्र, ऐजन, ७२९) । शिवलाई प्रमुख देवता मानी खडा भएको धार्मिक समूहलाई शिवमार्गी भनिएको छ भने यो शिवमार्गीहरू भित्रको शैव सम्प्रदाय एउटा प्रमुख सम्प्रदाय मानिएको छ । यो मतका अनुयायीका अनुसार सृष्टि अथवा जगतका तीन रत्नहरू छन –शिव, शक्ति र बिन्दू । जसमा कर्ता शिव, कारण (करण) शाक्ति र उपदान(प्राप्ति) बिन्दू । अतः शैव सिद्धान्तमा यी तीन रत्नहरूको सहायताले ज्ञान प्राप्त गर्न सकिन्छ वा ज्ञान प्राप्तिकालागि साहयक सिद्ध हुन्छन् भन्ने मान्यता रहेको छ । यो सम्प्रदायमा शिवलाई साङ्केतिक रूपम वा शिवप्राप्तिका दृष्टिले शिवलाई पतिका अर्थमा वा स्वामीका रूपमा पनि लिइएको छ । शिव सर्वज्ञ छन्, स्वतन्त्र र ऐश्वर्य सम्पन छन्, उनी सर्वद्रष्टा र कर्ता छन्, अर्थज्ञान र क्रियाशक्तिको समन्वयात्मक रूप शिव हुन् भन्ने यो मतका अनुयायीहरूको विश्वास रहेको छ । यसै गरी पशु अर्थात जीवात्माको चेतनाको केन्द्र शिव हुन्, सारा जीव स्वयम शिव नै छन् र यस्तो जीवलाई पाश (बन्धन) बाट मुक्ति दिलाउने पनि शिव नैहुन् । यस क्रियाका लागि अर्थात् बन्धनबाट मुक्त हुनका लागि विशेष साधना गर्नुपर्दछ, यस्तो साधनामा सन्ध्या उपासना, मन्त्रसिद्धि, पूजा, हवन, जपलगायत आनन्द प्राप्तिका

लागि विशेष क्रिया अनिवार्य गरिएको पाइन्छ। यस्तो आस्था र क्रियाकलाप अपनाउने धार्मिक समूहलाई शिवमार्गमा वा धर्ममा शैव सम्प्रदाय भनेर भनिएको छ।

**पाशुपत**

शैवमार्गीहरूको विभिन्न सम्प्रदायहरू मध्ये पाशुपत सम्प्रदाय पनि महत्वपूर्ण समुदायको रूपमा रहेको छ। पाशुपत सम्प्रदायको उल्लेख सर्वप्रथम महाभारतको शान्तिपूर्णमा भएको बताइएको छ। (मिश्र : ऐजन, ७३१) यस सम्प्रदायमा सबै वर्णका मानिसहरूलाई विना भेदभाव प्रवेश दिइने गरिएको छ। पाशुपत सम्प्रदायमा भगवान शिवलाई पहिलो संस्थापक मानिएको छ। त्यसपछि यस सम्प्रदायको दोश्रो संस्थापक भनेर नकुलिन वा लकुलिश मानिएको छ। ऐतिहासिक कालमा नकुलिनलाई लकुलिन वा लकुलिश पाशुपत भनेर पुकारिन्थ्यो। पाशुपत साम्प्रदायको उल्लेख पुराणहरू र अभिलेखबाट पनि पाइएको छ। वायु पुराण र लिङ्गपुराणको विवरणअनुसार पाशुपत मतको उत्पतिकर्ता लकुलिन अथवा लकुलिश नामक बम्हाचारीद्वारा भएको हो जो शिवकै अवतार थिए (मिश्र, ऐजन, ऐजन)पशुपत सम्प्रदायको बारेमा चिनिया यात्री हवेन –साङ्गको वर्णन पनि उल्लेखनीय छ (इशा छैठौ शताब्दी) उनले विशेष गरी भारतवर्षको भ्रमणकालमा प्रशस्त मात्रामा शिवमन्दिरहरू देखेको वर्णन गरेका छन् र पाशुपत मतावलम्बीले शरीरभरि खरानी घसेर निधार, छाती, हात खुट्टा र नाडीमा शिवलिङ्गको चिन्ह बनाएर हिंडेको देखेको थिए भनी वर्णन गरेका छन् (रिसाल, २०५०, ४११) शुरुशुरुमा आदि शंकराचार्य (७७८–८२० इ.स.) र त्यसपछि माधव नामक धार्मिक व्यक्तिहरूको कार्य, कारण, योगविधि र दुःख अन्त्यको मिमांशा नै पाशुपत सम्प्रदायका सिद्धान्त हुन भनी व्याख्या गरिएको छ।

**कापालिक**

शैवधर्मको ध्यान चिन्तन पद्धतिभन्दा केही फरक व्यवहार र मान्यताहरूको कारणले कापालिक सम्प्रदाय केही उग्र र अव्यवहारिक जस्तो देखिएको छ। कपालिकहरूको इष्ट देवता भैरवलाई मानिएको छ – जो भगवान शिवको उग्र स्वरूप हो। यस सम्प्रदायका अनुयायीहरू भैरवलाई नै स्रष्टि र संहारकर्ता मान्दछन्। यिनीहरू मदिरापान गर्ने र समाजमा उपलब्ध अन्य घृणित पदार्थहरू ग्रहण गर्ने हुन्छन्। उनीहरूको विश्वासअनुसार यसो गर्नाले आफ्नो ज्ञान शक्ति तीष्ण हुने गर्दछ।

कापालिक सम्प्रदायलाई अथर्ववेद (इ.पू. १०००–५००) जत्तिकै पुरानो मानिएको छ। यस वेदमा रुद्रलाई (शिव) मृत्युका देवताको रूपमा चित्रण गरिएको छ र नर बलि दिने कुरा लेखिएको छ। (रिसाल, ऐजन, ४१३) यस सम्प्रदायका समर्थकहरू, शिवको भैरव स्वरूपलाई नशा सेवन गर्ने र मसानघाट चाहार्दै हिड्ने देवता हुन् भन्ने परिकल्पना गरी भुत, प्रेत, पिशाच उनका सहचर हुन् भन्ने विश्वास बोक्ने गर्दछन्। रामानुजले कण्ठिका, रुचक (गहना) कुण्डल, शिखामाणि, भस्म र यज्ञोपवित धारण गरेमा जन्म र मरणको बन्धनबाट छुट्कारा पाउन सकिन्छ भन्ने विश्वासमा कापालिक सम्प्रदायका अनुयायीहरू चलेका हुन्छन् भनेका छन् (रिसाल, ऐजन, ऐजन) । कापालिकहरूको चारित्र र स्वभाव अत्यन्त व्रmुर र भयङ्कर हुने गर्दथ्यो। उनीहरूको अनौठो चरित्र र व्यवहारले गर्दा समस्त मानिसभन्दा बेग्लै देखिन्छन् भने उनीहरूको अधिकांश समय मसानघाट र छेउछाउको मन्दिरमा बित्ने गर्दथ्यो। यस सम्प्रदायमा स्त्री र पुरुष दुवैथरी विना रोकटोक समावेश हुनपाउँथे। भवभूति नामक लेखकले (इशाको छैटो शताब्दी) आफ्नो नाटक मालतीमाधवमा कपालिकहरूको उल्लेख गर्दै उनीहरूको प्रधान पीठ "श्रीसपल"भन्ने स्थान थियो भनेका छन्। उनले कापालकहरूको नृशंसता र कुरताको चित्रण बडो सजीवताका साथ गरेका छन् (क्षेत्री, खतिवडा, २०५४, ७१) चिनियायात्री ह्वेन – साङ्गले पनि त्यस समयमा (इशाको छैटो शताब्दी) कापालिक सम्प्रदाय विकसित अवस्थामा थियो भन्ने सङ्केत गरेका छन्। उनले भारतवर्षका अनेक ठाउँ भ्रमण गर्दा मुण्डमाला लगाएका विचित्र किसिमका देखिने केही शैव धर्मावलम्बीहरूको वर्णन गरेका छन् – (खत्री, २०४९, २१७) जसका आधारमा केभन्न सकिएको छ भने शैवधर्मको कपालिक सम्प्रदाय अन्य धर्मसम्प्रदायभन्दा केही फरक किसिमको उग्र र भयङ्कर स्वरूपमा उनीहरू प्रस्तुत हुने गर्दथे।

**कालामुख**

शैव धर्मअन्तर्गत नै पर्ने कालामुख सम्प्रदायलाई कापालिक वर्गकै अझ उग्र र भयङ्कर स्वरूप धारण गर्ने सम्प्रदाय बताइएको छ (मिश्र, २००१, ७३६) । कापालिकहरूझै कालामुख सम्प्रदायका अनुयायीहरू पनि शिवको उग्ररूप भैरबको उपासना गर्ने र भैरबलाई अन्तिम सत्य, अविकारी र अविनाशी मान्नुका साथै भैरवका अनुग्रहले मात्र दुःखनाश भई मोक्ष हुन सक्ने विश्वास राख्ने गर्दछन् । कापालिक सम्प्रदायमा प्रचलित प्रायः सबै विशेषताहरू कालामुख सम्प्रदायमा पनि प्रचालित छन् तर कापालिकहरूमा प्रचलित नभएको केही परम्परा जस्तै निधार र मुखतिर कालो ध्यासों वा रङ्गपोतेर भयानक देखिने प्रचलन कालामुख सम्प्रदायमा पाइएको छ । यसरी मुखमा कालो पोतेका कारणले नै उनीहरूको नाम कालामुख रहेको विश्वास गरिएको छ । रामानुज(सम्भवत १०औ शताब्दीइशा) ले कालामुखहरूलाई अतिमार्गी सम्प्रदायको रूपमा प्रस्तुत गरेका छन् – यसैगरी शिवपुराणमा उनीहरूलाई "महाब्रतघर" भनी सम्बोधन गरिएको छ । कालामुखहरूको महाब्रत भनेको मानिसको खप्परमा हालेर खानेकुरा खानु, लासको भष्म बनाएर शरीरमा लेपन गर्नु, लाशको भष्मखानु, दण्डधारण गर्नु र निरन्तर सुरापान गर्नु बताइएको छ (क्षेत्री, खतिवडा, २०५४, ७४) कपालिकहरूझैं कालामुखहरू पनि पञ्चामकारको प्रयोग गर्ने, ६मुद्रिकाहरू धारण गर्ने, भष्मको अत्यधिक प्रयोग गर्ने, खप्परको पात्र र सुरापात्र राख्ने गरेको पाइन्थ्यो । कालामुख हुने बित्तिकै जनसुकै वर्णको मानिस पनि ब्राहाण हुन्छ भन्ने विश्वास उनीहरूमा रहेको पाइएको छ । साधारण दीक्षाविधि प्राप्त गर्ना साथै जो कोही पनि ब्राह्मण हुने, पवित्र सन्त हुने र उत्तम गति प्राप्त गर्न समर्थ हुने कुरामा कालामुख सम्प्रदायका अनुयायी विश्वास राख्ने गर्दछन् ।

यसप्रकार शैवधर्मका यी सम्प्रदायहरूको खास सिद्धान्त उनीहरूको विश्वास र धर्ममान्ने पछाडिको विश्लेषण गर्दा शैव सम्प्रदाय र पाशुपत सम्प्रदायले मानवजीवनको आत्मासँगको सम्बन्ध र बन्धनबाट मुक्तिको मार्ग प्रशस्त गर्ने दार्शनिक चिन्तन बोकेको पाइन्छ भने कपालिक र कालामुख सम्प्रदायले उन्मुक्त जीवनशैली र अलिक अन्यवहारिक उग्र चिन्तनको पक्षपोषण गरेको देखिएको छ । मानवजीवनलाई व्यवस्थित, मर्यादित र संयमित बनाउने उद्देश्यले प्रादुर्भाव भएको धर्मले उन्मुक्त र उग्र जीवनशैलीको परिकल्पना अलिक अस्वभाविक लाग्दो देखिएको छ । तर हिन्दू समाजमा शैवधर्मले वैदिक कालभन्दा अगाडि देखिने आफ्नो उपस्थिति देखाई वैदिककाल र त्यसपछि पनि आफ्नो उपस्थिति देखाएको पाइएको छ । शैव धर्मका सम्पूर्ण साधकहरूको निम्ति शक्ति–पात (अनुग्रह), नभई आणव (मल) क्षय नहुने र परमतत्त्वको प्राप्ति नहुने हुँदा दीक्षाविधान त्रिकदर्शनमा पनि महत्वपूर्ण स्थान राख्दछ । बिना योग्यगुरुको कृपा नभइकन शक्तिपात सम्भव छैन, अतः गुरुभक्ति र दीक्षाको महत्व सबै शैव सम्प्रदायमा महत्वपूर्ण स्थान राख्दा (कोइराला, २०५१, २०२) यसप्रकार मुख्यत शैव धर्मका चार सम्प्रदायहरू प्रारम्भदेखि नै शसक्त रूपमा देखिए पनि यसका अन्य भेदहरू पनि रहेका छन, जसमा काश्मिरी सम्प्रदाय, वीर शैव या लिङलगायत सम्प्रदाय, नाथ सम्प्रदाय आदि देखिएका छन् ।

**प्रभाव**

आर्य हिन्दू सभ्यतामा अत्यन्तै पूजनीय र आदरणीय देवको स्थानमा पनि सर्वोच्च स्थान हासिल गरेका भगवान शिवको वा शैवधर्मको उद्गमस्थल नेपाल भूमि नभए पनि सम्पूर्ण हिन्दू धर्मावलम्बीहरूका लागि शैवधर्मको मुख्यथलो नेपाल नै देखिनआएको छ । विभिन्न पुराणका कथनअनुसार शिव वा पशुपतिको शिर नेपाल हो भने शरीर चाहि भारतमा रहेको विश्वास गरिएको छ । सम्भवत पुराणको यस्तो सन्दर्भहरूका कारणले समस्त नेपालीहरूले हालसम्म पनि आराध्यदेव भनिएको पशुपतिनाथ दर्शन गर्न लाखौं तीर्थयात्रीहरू नेपाल आइपुग्छन् । यसर्थ समस्तहिन्दू धर्मावलम्वीहरूद्वारा आराध्यदेवको रूपमा पूजिएका पशुपतिनाथ अर्थात शिवका बारेमा चर्चा गर्नुपर्दा नेपालको प्राचीन इतिहास केलाउनु पर्ने हुन्छ – विभिन्न स्रोतहरूले गरेको उल्लेखअनुसार इशाको पहिलो वा इशापूर्वको पहिलो शताब्दीतिर दक्षिणबाट लिच्छवीहरू महाप्रवेश गरे । त्यसबखत यहाँ विरातीहरू (विगतवंशी)को शासन रहेको कुरा बताएका छन् । किरातकालमा २७ देखि ३२ वटासम्म राजाहरूले यहाँ शासन गरे । किरातभन्दा अघि ८ वटा गोपालवंश र ३ (तीन) वटा महिषपाल शासकहरूले शासन गरेको कुरा वंशावलीहरूको अध्ययनबाट ज्ञात भएअनुसार समग्रकालको वा सममको मुल्याङ्कन गर्दा नेपालमा सर्वप्रथम शासनसत्ताको शुरुवातगर्ने गोपालवंशी शासनकाल इ.पू. २००० (दुई हजार) वर्षभन्दा अगाडि पुग्ने देखिएको छ । यसरी लिच्छवी कालभन्दा अगाडि ४३

वटा शासकको शासन समयलाई ३० वर्षका दरले जोड्दा पनि १२९० वर्षको गोपालवंशको शुरुवात इशापूर्व १२९० भन्दा अगाडि नै भएको मान्नु पर्ने देखिएको छ (कोइराला, २०५१, २७८) यसरी नेपालमा शासनसत्ताको शुरुवात गर्ने प्रथम शासकका रूपमा गोपालवंश देखापरेको छ । जसले पुरिएको पशुपतिको ज्योतिलिङ्ग खनेर निकालेको वर्णनले यसभन्दा हजारौं वर्ष अगाडि नै पशुपतिको अस्तित्व नेपाल उपत्यकामा रहेको ज्ञात हुन्छ (कोइराला, ऐजन, १११, उद्धृत – गोपालराजवंशावली पृष्ठ १७ क र ख) । गोपालवंश पछि महत्वपूर्ण शासकवंश जुन इशापूर्व नै नेपालमा रहेको थियो । यिनीहरूको पनि इष्टदेवता शिव नै रहेको विभिन्न स्रोतहरूले उल्लेख गरेका छन् । अर्थात नेपालमा इशापूर्वको समयमा नै शासन गर्ने किरात जाति जसको ऐतिहासिक कालमा यमुना नदीको किनारासम्म नै अस्तित्व रहेको कुरा पुराण, इतिहास र पुराना साहित्यबाट थाहा पाइन्छ । त्यो जातिका पनि इष्टदेवता महादेव – पशुपति नै थिए – यसका अलावा शिवका प्रमुख आठ नामहरू मध्ये लोककल्याणकारी ‘‘पशुपति’’ नामले प्रख्यात पीठ नेपालमै अवस्थित रहेबाट नेपालमा शैव धर्मको प्रभाव अत्यन्त गहिरो रूपमा रहेको छ ।

उपर्युक्त ऐतिहासिक तथ्यबाट के कुरा थाहा पाइएको छ भने नेपाल उपत्यकामा सर्वप्रथम पशुचारक जातिको रूपमा खसगणमूलक जातिहरू प्रवेश गरे, जसलाई गोपाल जाति भनियो । यी खसगण पशुचारक जाति शिवपूजक थिए । उनीहरूका इष्टदेवता पनि महारुद्र थिए र पशुका संरक्षकको रूपमा महारुद्रको पूजा हुन्थ्यो । त्यसपछिका मंगोल मूलको महाकिरातीहरू त पूर्ण रूपले शैवधर्मावलम्बी थिए । पुराना धार्मिक ग्रन्थ र वंशावली आदि जस्तो साहित्यिक स्रोतहरूको व्याख्याअनुसार गोपाल, महिषपाल र किरात युगमै नेपालमा शैव धर्मको उपस्थिति देखिए तापनि पुरातात्विक रूपमा शैव धर्मको उपस्थिति वा अस्तित्व प्रष्ट्याउने स्रोत पशुपति नजिकै देउपाटनमा पाइएको रत्नसंघ भन्ने व्यक्तिले राखेको इ.स. ४७७ को एउटा अभिलेख प्राप्त भएको छ, जसमा रत्नेश्वर शिवलिगं थापेको वर्णन परेको छ (बज्राचार्य, २०३०, ५०) यस अभिलेखको उपलब्धताले के कुराको सङ्केत गर्दछ भने त्यसबेला शैव राजकीय परिवेशका अतिरिक्त त जनमानसमा पनि व्यापक रहेको थियो । त्यस युगमा राजा, शासक र राजपरिवार लगायतका प्रभावशाली व्यक्तिहरूद्वारा मात्र त्यस्ता अभिलेख, मन्दिर, धारा, कुवा, कुलो, बाटोघाटो आदि बनाउने हैसियत राख्ने गरेकोमा सर्वसाधारणबाट पनि अभिलेखसहित शिवलिङ्गको स्थापनाले शैवधर्मले जनमानसमा प्रभावकारी रूपमा आफ्नो उपस्थिति देखाएको छ । यसक्रममा नेपालका प्रथम ऐतिहासिक र प्रामाणिक लिच्छवि राजामानदेव (वि.स. ५२१–५६२)को छोरी विजयावतीले पशुपतिमा बागमती किनार सूर्यघाटमा इ.स. ५०५ (वि.स. ५६२)मा शिवलिङ्ग थापेको पाइएको छ । (बज्राचार्य, ऐजन, ८२/८३) यहाँ नेर विचारणीय पक्ष के छ भने राजा मानदेव आफू बैष्णवधर्म मान्ने हुन् भनेछोरी विजयावतीशैव धर्मावलम्बीदेखिएकीछन् । यसका साथै मानदेवका २ वटा रानीद्वारा पनि शिवलिङ्ग स्थापना गरेको प्रमाण पाइएबाट इशाको छैटो शताब्दीमा नेपालमा शैवधर्मको प्रभाव अत्यधिक रहेको बुझिएको छ । मानदेवकी रानी गुणवतीले वि.स. ५५४ मा लाजिम्पाटमा आफ्ना पितको श्रीव्रद्धिका लागि शिवलिङ्गको स्थापना गरिन (ब्रज्राचार्य, ऐजन, ६५/६६) शिवलिङ्ग स्थापना गर्दा अक्षयफल प्राप्त हुने कुरा पुराणहरूमा उल्लेख भएबाट धार्मिक आस्था प्रकट गर्न वा आस्थावान व्यक्तिद्वारा शिवलिङ्गहरूको स्थापना गरिन्थे । राजा मानदेवका पालाका करिब ९ (नौं) वटा अभिलेखहरू शैवधर्मसँग सम्बन्धित देखिएका छन् ।

राजा मानदेवपछाडि लिच्छविकालकै महत्वपूर्ण शासक अंशुवर्माको समयमा(सातौ शताब्दी) शैवधर्मको विशेष उन्नति भएका प्रमाणहरू पाइएका छन्। यसकालका राजा अंशुवर्मा स्वय नै शैव धमावलम्वी थिए । उनले आफ्ना अभिलेखहरूमा आफूलाई ‘‘भगवानपशुपतिनाथको पाउको अनुग्रह पाएको’’ भनी उत्कीर्ण गराएका छन् (बज्राचार्य, ऐजन, ३२०) जसबाट उनी शिव भगवानका परमभक्त देखिएका छन्, साथै उनका पालामा शैवधर्म राजकीय धर्म कै रूपमा रहेको बुझ्न सकिएको छ । उनले आफ्नो दरबारको नाम नै ‘‘कैलाकुट’’ राखेका थिए । यसप्रकार लिच्छविकाल (इ.स. को प्रथम देखि आठौ शताब्दी इ.पू.) भरिनै शैवधर्म उल्लेखनीय रूपमा आफ्नो प्रभाव वा उपस्थिति देखाएबाट त्यसकालमा शैवधर्मको प्रभावको गहिराई बुझन सकिएको छ ।

नेपालमा मध्काल अर्थात मल्लकाल ( १५ औ देखि १९ औ शताब्दी) का उपलब्ध "शिव" र "बेष" अङ्कित मुद्राहरूले त्यसबेलाका शैवधर्मको विशेष प्रभाव व्यक्त गरेका छन् भने यसकालका प्रसिद्ध राजा जयस्थिति मल्ल (१५ औं शताब्दी)ले लिएको उपाधिबाट उनी शैवधर्ममा झुकाव राख्ने देखिएका छन् भने उनका नातिपक्षले दिनहुँ पशुपतिनाथको दर्शन गरेर मात्र भोजन गर्ने विवरण पाइएको छ । यसैगरी यसकालका महत्वपूर्ण शासक प्रताप मल्लले पशुपतिका छानोमा सुनको मोलम्बा लगाउनुका साथै पशुपति क्षेत्रमा १००८ शिवलिङ्ग समेत स्थापना गरेको विवरण पाइएको छ । यसरी प्राप्त प्रमाणअनुसार लिच्छवी कालदेखि मल्लहरूको शासन कालभरि (वि. स. को प्रथम शताब्दी देखि १९ औं शताब्दी वि.स.) नै नेपालको धार्मिक इतिहासमा शैवधर्मकै बढी महत्व एवम् प्रधानता रहेको छ ।

नेपालमा शैवधर्मको प्रभाव र उपस्थिति प्रचलित विभिन्न मान्यता वा प्रचलनका आधारमा पनि पुष्टि गर्न सकिन्छ । हालसम्म पनि प्रचलित एक प्रचलनअनुसार नेपालका उपाध्याय ब्राम्हाण, ठकुरी, क्षेत्रीय र अन्य केही जातिमा गाई, भैसी व्याए पनि त्यसबाट प्राप्त पहिलो पटकको विगौती दूधलाई सातपोके बाँध्न (दूध आउने रुखका पातमा बिगौती सात पोका बाँध्ने वा गोठका देवतालाई पर सार्ने) चलन सम्पूर्ण नेपालका ग्रामीण समाजमा अध्यावधिक रहेको छ । ती (यी) सातगोष्ट (गोठका) देवतामा साधारणतया पहिला महारुद्र र काँठा ब्रम्हा, ऐरा देवता (शिकारी देवता), चण्डी देवराली, गैडुदेवता, गौसाइमैया वा गोसाइका सट्टा मष्टा, सात गोठका देवतालाई सातपोका चढाएपछि स्थानीय ग्राम देवतालाई एकदुई पोका बाध्ने चलन छ । जसमा अन्य देवतामा हेरफेर भए पनि महारुद्र वा कद्धको पहिलो पूजा र मान्यता भने सबै वर्गमा अनिवार्य छ (कोइराला, २०५१, १०९) । यसबाट शैवधर्मप्रतिको आस्था र विश्वासको प्रकट रूप जनस्तरमा कति गहिरो सँग जोडिएको रहेछ भन्ने बुझन सकिन्छ । यसका अतिरिक्त शैवधर्मकै विशेष सम्प्रदाय मानिएको "नाथ" सम्प्रदाय पनि प्राचीनकालदेखि नै नेपालमा प्रचलनमा रहेको पाइएको छ । इशाको छैटो शताब्दीदेखि यस सम्प्रदायका बारे अभिलेखात्मक विवरणहरू पाइन थाल्दछन् (क्षेत्री, खतिवडा, २०५४, ८७) ।

नेपालमा प्रचलित जात्रापर्व, उक्त धार्मिक संस्कृतिक कृत्यहरूमा काठमाडौं उपत्यकामा निकै लामो समयदेखि प्रचलित मत्स्यन्द्रनाथको जात्रालाई पनि शिव सम्प्रदायअन्तर्गत शैवधर्मकै प्रभावको रूपमा व्याख्या गरिएको छ – मृगस्थलीमा गोरक्षनाथको सिद्दाश्रममा गोरक्षनाथ र चौरङगीसँगै मत्स्येन्द्रनाथ पनि रहन्छन् भनी हिमबतखण्डमा भनिएको छ र पशुपतिको कृपाले उनीहरूले योग पाएको कुरा पनि त्यहाँ लेखिएको छ भनेर डा. जगदीशचन्द्र रेग्मीले आफ्नो पुस्तक "पशुपति–गुहयेश्वरी महात्म्य" (रेग्मी, २०५३, ८२) मा उल्लेख गरेबाट शैवधर्मको नाथ सम्प्रदायअन्तर्गत मत्स्यन्द्रनाथले महत्वपूर्ण चर्चा पाइएको देखिएको छ । यसैगरी वि.स. २०७७/०५/२० गतेको गोरखापत्रको अङ्कमा "के मत्स्येन्द्रनाथ नेपालआए" शीर्षक लेखमा लेखक भिवटर प्रधान मत्स्येन्द्रनाथका बारेमा लेख्छन् "शैव हिन्दू अन्तर्गत नाथ सम्प्रदाय सम्प्रदायको आरम्भतिरकै सिद्धयोगी मत्स्येन्द्रनाथलाई राजा नरेन्द्रदेव (इ.स. को सातौं शताब्दी) नेतृत्वको टोलीले भवराको रूपमा कलशभित्र साधना गरी भैरवहरूद्वारा बनाएर कामरूप (आसाम–भारत) बाट ल्याएको कथा नेपालमा प्रसिद्ध छ । यिनी यस सेरोफेरोमा सहकाल अर्थात अन्न र पानीका देवताका रूपमा प्रसिद्ध हिन्दू र बौद्ध दूवै धर्मावलम्वीद्वारा पूजित छन् । योगी वंशावलीका अनुसार यिनी अनिष्ट नक्षत्रमा जन्मेका हुँदा सागरमा फालिएकाले मत्स्यको पेटमा पुगेको मनुष्य योनीज हुन् । मूल नाथशिवले यिनलाई त्यहाँबाट उद्धार गरी अमरत्व प्रदान गरे । त्यसैले यिनी मत्स्येन्द्रनाथ कहलाइए र लघुदेव भए" । हालसम्म पनि प्रत्येक वर्ष काठमाडौं उपत्यकामा मत्स्येन्द्रनाथको जात्रा अतिवादका रूपमा व्यवस्थित तबरबाट मनाउने परम्पराले शैवधर्मको व्यापकता र प्रभाव व्यक्त गरेको छ ।

**निष्कर्ष**

भगवान शिव र शिवगणलाई पुज्ने वा आरधना गर्ने समुदायलाई शैवमार्गीका रूपमा परिचित रहेका छन् भने विश्वभर छरिएर रहेका समस्तहिन्दू समुदायले शिवलाई प्रमुख कार्यकारी वा शक्तिमान देवताका रूपमा पूजा गर्ने प्रचलन रहेको छ । करोडौं शक्तिको साझा देवताको रूपमा शिवको प्रतिष्ठा स्थापित हुन्छ । नेपाल लगायत भारत र अन्य स्थानमा बस्ने समस्त हिन्दूहरूले शिवलाई निराकार र स्थुल दुवै स्वरूपमा आराधना गर्ने गरेका छन् । शैवधर्मका प्रमुख चार सम्प्रदाय रहेका छन् । जसमध्ये

शिवलाई प्रमुख देवता मानी खडा भएको धार्मिक समूहलाई शैव सम्प्रदाय एउटा प्रमुख सम्प्रदाय मानिएको छ । शैवमार्गीहरूको विभिन्न सम्प्रदायहरू मध्ये पाशुपत सम्प्रदाय पनि महत्त्वपूर्ण समुदायको रूपमा रहेको छ । पाशुपत सम्प्रदायको उल्लेख सर्वप्रथम महाभारतको शान्तिपूर्णमा भएको बताइएको छ । यस सम्प्रदायमा सबै वर्णका मानिसहरूलाई विना भेदभाव प्रवेश दिइने गरिएको छ । शैवधर्मको ध्यान चिन्तन पद्धतिभन्दा केही फरक व्यवहार र मान्यताहरूको कारणले कापालिक सम्प्रदाय केही उग्र र अव्यवहारिक जस्तो देखिएको छ । कपालिकहरूको इष्ट देवता भैरव रहेका छन् । कापालिक सम्प्रदायमा प्रचलित प्रायः सबै विशेषताहरू कालामुख सम्प्रदायमा पनि प्रचालित छन् तर कापालिकहरूमा प्रचलित नभएको केही परम्परा जस्तै निधार र मुखतिर कालो ध्यासों वा रङ्गपोतेर भयानक देखिने प्रचलन कालामुख सम्प्रदायमा पाइएको छ । आर्य हिन्दू सभ्यतामा अत्यन्तै पूजनीय र आदरणीय देवको स्थानमा पनि सर्वोच्च स्थान हासिल गरेका भगवान शिवको वा शैवधर्मको उद्गमस्थल नेपाल भूमि नभए पनि सम्पूर्ण हिन्दू धर्मावलम्बीहरूका लागि शैवधर्मको मुख्यथलो नेपाल नै देखिनआएको छ । विभिन्न पुराणका कथनअनुसार शिव वा पशुपतिको शिर नेपाल हो भने शरीरचाहिँ भारतमा रहेको विश्वास गरिएको छ । सम्भवत पुराणको यस्तो सन्दर्भहरूका कारणले समस्त नेपालीहरूले हालसम्म पनि आराध्यदेव भनिएको पशुपतिनाथ दर्शन गर्न लाखौं तीर्थयात्रीहरू नेपाल आइपुगेको निष्कर्ष हुनआउँछ ।

## सन्दर्भ सामग्रीसूची


अमात्य साफल्य, (२०५४) "राजसत्ता र नेपाली संस्कृति" साझा प्रकाशन ।

उपाध्याय, श्रीरामप्रसाद (२०५८) "ऐतिहासिक संगालो, साझा प्रकाशन ।

कोइराला, कुलचन्द्र (२०५१) "नेपालका आराध्यदेव भगवान पशुपतिनाथ" नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

कोइराला, कुलचन्द्र, (२०५२) "धर्म संस्कृति र परम्परा"कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान ।

खत्री प्रेमकुमार (२०४९)"नेपालको सामाजिक इतिहास र धार्मिक मतहरू" एम.के.पब्लिकेशन एण्ड डिट्रिब्यूसन ।

खत्री प्रेमकुमार (२०५६) "नेपालका धार्मिक मत र सामाजिक संरचना" एम.के.पब्लिकेशन एण्ड डिट्रिब्यूसन, काठमाडौं ।

क्षेत्री, गणेश, खतिवडा सोमप्रसाद (२०५४) "हिन्दू समाजर धर्म" शिवा प्रकाशन ।

जोशी, हरिराम (२०२८) "नेपाली संस्कृति" हेमराज शाक्य, ल आफ्य ।

दाहाल पेशल, खतिवडा सोमप्रसाद (२०५८) "नेपाली समाज र संस्कृतिको परिचय" एम.के.पब्लिकेशन एण्ड डिट्रिब्यूष्सन ।

दाहाल पेशल, खतिवडा सोमप्रसाद (२०५८)"नेपाली समाज र संस्कृतिको परिचय" एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

बराल, वासु (२०५०) "हिन्दू सामाजिक संगठनको प्रारूप" साझा प्रकाशन ।

बज्राचार्य धनबज्र, (२०३०) "लिच्छविकालका अभिलेख नेपाल र एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर ।

मिश्र, जयशंकर (इ.सं. २००१, सातौ संस्करण) "प्राचीन भारतका सामाजिक इतिहास" विहार हिन्दीग्रन्थ अकादमी ।

रिसाल, शिवगोपाल (२०६१) "वैदिक संस्कृति" साझाप्रकाशन ।

रेग्मी, जगदीशचन्द्र (२०२६) "लिच्छवि संस्कृति" रत्नपुस्तक भण्डार ।

रेग्मी, जगदीशचन्द्र (२०५०) "शाहकालीन कला र वास्तुकला" साझा प्रकाशन ।

रेग्मी, जगदीशचन्द्र (२०५०) "प्राचीन नेपाली संस्कृति" साझा प्रकाशन ।